त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
गणित विज्ञान स्कूल

मिति : २०७९/०५/१५

## स्नातक तहमा एक्चुअरीयल साईन्स विषयमा २०७९ सालको नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धि सुचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत गणित विज्ञान स्कूलमा सेमेष्टर प्रणाली अनुसार ग्रेडीङ्ग सिस्टम बमोजीम पठन/पाठन हुने चार वर्षे **स्नातक तहको एक्चुअरीयल साईन्स (B. Math. Sc. with Major Actuarial Science)** विपयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त निम्नानुसारको नयाँ भर्ना सम्बन्धि कार्यक्रम प्रकाशित गरिएको छ ।

**१) न्यूनतम योग्यता :**

**क)** कक्षा १२ वा सो सरहको परीक्षामा १०० पूर्णाङ्कको गणित वा वाणिज्य गणित लिएर जुनसुकै संकाय (Science, Management, Humanities, Education) वाट कम्तिमा द्वितिय श्रेणी वा प्रत्येक विपयमा कम्तिमा अन्तिम ग्रेड C वा सो भन्दा बढी प्राप्त गरेको हुनुपर्नेछ ।

**ख)** ए लेवल मा १०० पूर्णाङ्कको गणित विपय लिई कम्तिमा D ग्रेड प्राप्त गरेको हुनुपर्नेछ ।

**ग)** सि.टी.इ.भि.टी.वाट जुनसुकै विपयमा तिनवर्षे डिप्लोमा तहमा १०० पूर्णाङ्कको गणित विषय लिई द्वितिय श्रेणीमा उत्तिर्ण हुनुपर्नेछ ।

**घ)** विदेशी शैक्षिक संस्थावाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी वाट समकक्षता प्राप्त गरेको कागजात पेश गर्नुपर्नेछ ।

**२) आवेदन प्रक्रिया :**

**क)** स्कूलको वेवपेज **htpps://smstu.edu.np/online-application** मा गएर अनलाईन माध्यमवाट तोकिएको समयमा आवेदन फारम भर्न सकिनेछ ।

**ख)** अनलाईन फारम भर्दा विद्यार्थीहरुले वेवसाइटमा दिएको निर्देशन अनुसारको पासपोर्ट साइजको फोटो, पैसा बुझाएको भौचर, SLC/SEE, +2 को ट्रान्सक्रिप्ट र विद्यार्थीको हस्ताक्षर (png फाइल) स्क्यान गरी राख्नुपर्नेछ । अपलोड गर्नुपर्ने कागजातहरु तयार भए पश्चात मात्र अनलाईन फारम भर्न सूचित गरीन्छ ।

**ग)** प्रवेश परीक्षा वापतको रकम नेपाल बैंक लिमिटेड कीर्तिपुर शाखाको **"T.U. School of Mathematical Science"** को च.हि.नं. ०४५००१०६२७६४०१००००१ मा रु. २,०००/- ( अक्षेरुपी: दुई हजार मात्र) जम्मा गर्नुपर्नेछ । बैंक भौचर वा मोवाइल/इन्टरनेट बैंकिङ्ग वाट पैसा जम्मा गर्दा विद्यार्थीले आफ्नो नाम अनिवार्य लेख्नुपर्नेछ । बैंक भौचर काटी सकेपछि प्रवेश परीक्षा शुल्क वापत बुझाएको रकम फिर्ता हुनेछैन ।

**घ)** कक्षा ११ र १२ को ट्रान्सक्रिप्ट नभएमा दुबै कक्षाको मार्कसिट अपलोड गर्नुपर्नेछ ।

**ङ)** आवेदन स्विकृत पश्चात इमेलवाट जानकारी गराईनेछ । साथै प्रवेश पत्र इमेल मार्फत २०७९ साल कार्तिक १४ गतेवाट उपलब्ध गराईनेछ ।

**३) अनलाईन फारम भर्ने मिति :**

**२०७९ साल भाद्र २० गते सोमवार देखी असोज ३१ गते सोमवार सम्म ।** दोब्बर दस्तुर तिरी २०७९ साल कार्तिक १ गते मंगलवार देखी ६ गते आईतवार सम्म । राती १२ बजे पछि अनलाईन फारम स्वत: बन्द हुनेछ ।

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
गणित विज्ञान स्कूल

४) **प्रवेश परीक्षा सम्बन्धि थप जानकारी :**
लिखित, अन्तर्वार्ता र शैक्षिक योग्यताको आधारमा नयाँ भर्ना लिईनेछ । जस अन्तर्गत लिखित परीक्षाको ८०, अन्तर्वार्ता १० र शैक्षिक योग्यताको १० गरी कुल १०० पूर्णाङ्कको प्राप्ताङ्कको आधारमा योग्यताक्रम सूचि प्रकाशित गरीनेछ ।

क) लिखित परीक्षा कक्षा ११ र १२ वा सो सरहको पाठ्यक्रमको आधारमा Mathematics (40 Marks) र English (20 Marks) को साथै G.K. and I.Q. (20 Marks) को १ घण्टा ४५ मिनेटको ८० अंकभार रहेको Objectives प्रश्नहरु हुनेछ । लिखित परीक्षा उत्तिर्ण हुन ३५% अङ्क प्राप्त गर्नुपर्नेछ । लिखित परीक्षाको नगुना प्रश्नपत्र स्कूलको वेवसाइट वाट प्राप्त गर्न सकिनेछ ।

ख) अन्तर्वार्ता तथा शैक्षिक योग्यता सम्बन्धि विस्तृत जानकारी लिखित परीक्षाको नतिजा पछी प्रकाशित गरिनेछ ।

५) **लिखित परक्षिा हुने मिति र समय :** २०७९ कार्तिक १६ गते बुधवार, विहान ८ बजे देखी ।

६) **लिखित परीक्षा केन्द्र :** गणित विज्ञान स्कूल, बल्खु ।

७) **समावेशी कोटा सम्बन्धमा :**
स्कूलले त्रि.वि. सेमेष्टर प्रणाली सञ्चालन विनियम २०७४ अनुसार तोकिए वमोजीम समावेशी कोटाको आधारमा भर्ना गरिनेछ । सो को जानकारीका लागि समावेशी फारम स्कूलको वेवसाइटमा राखिनेछ ।

...........................

प्रा.डा. नारायण प्रसाद पहारी
निर्देशक.

बल्खु, काठमाडौं, नेपाल ०१-६२००२०७ https:// www.smstu.edu.np